# नेपाली कांग्रेस १५औं महाधिवेशन तयारी समितिको राष्ट्रिय भेला २०८३ मा राजनीतिक प्रतिवेदन तथा प्रस्ताव समितिका संयोजक विमलेन्द्र निधिद्वारा प्रस्तुत

# राजनीतिक प्रतिवेदन तथा प्रस्ताव

यस भेलाको अध्यक्षता गरिरहनु भएका मूल आयोजक समितिका संयोजक नेपाली कांग्रेसका नेता डा. शशांक कोइरालाज्यू,

प्रमुख अतिथि नेपाली कांग्रेसका आदरणीय सभापति, पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाज्यू,

कार्यवाहक सभापतिज्यू,

पूर्व पदाधिकारीज्यूहरु,

केन्द्रीय सदस्यहरु,

संघीय सांसदहरु/प्रदेशसभा सदस्यहरु,

मूल आयोजक समितिका सदस्यहरु,

महासमिति सदस्य तथा महाधिवेशन प्रतिनिधिहरु,

प्रदेश तथा जिल्ला सभापति र पदाधिकारी तथा सदस्यहरु,

स्थानीय पालिकामा पार्टीबाट निर्वाचित जनप्रतिनिधि साथीहरु,

शुभेच्छुक र भ्रातृसंस्थाका सभापति, पदाधिकारी तथा सदस्य साथीहरु,

**विभिन्न देशबाट सहभागी नेपाली जनसम्पर्क समितिका सभापति, पदाधिकारी तथा सदस्यहरु,**

**सञ्चारकर्मी साथीहरु,**

**राष्ट्रिय भेलामा सहभागी सम्पूर्ण साथीहरुलाई हार्दिक स्वागत गर्दछु ।**

**जय नेपाल ।**

राणाशासन विरोधी आन्दोलनदेखि संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाकालसम्म आठ दशक लामो अत्यन्त कठीन संघर्षका क्रममा नेपाल निर्माणको सपना अनि राष्ट्रको एकता, अखण्डता, सार्वभौम सर्वोच्चताको रक्षा, नेपाली जनताको स्वतन्त्रता र मर्यादासहितको अधिकार स्थापनार्थ जीवन आहुती गर्नुहुने सम्पूर्ण शहीदप्रति श्रद्धाञ्जली व्यक्त व्यक्त गर्दै सम्मान एवम् नमन गर्दछु । परिवर्तनका क्रममा आफ्नो सम्पूर्ण समय, श्रम र सम्पत्तिसमेत गुमाउनु भएका समर्पित योद्धाहरुप्रति सम्मान प्रकट गर्दछु ।

साउने झरी, वाढी पहिरो र अनेक समस्याका वावजूद नेपाली कांग्रेसका तपाई सबै तहका नेता, सहकर्मी, शुभेच्छुक तथा समर्थक दिदीवहिनी, दाजुभाइहरुको यो उत्साहजनक उपस्थितिले महत्वपूर्ण एवम् सशक्त सन्देश प्रदान गरेको छ भन्ने मलाई विश्वास छ ।

**आदरणीय साथीहरु,**

हामी अत्यन्त संगीन र निर्णायक चरणमा पुगेर नेपाली कांग्रेसको १५ औं महाधिवेशनको तयारीका सन्दर्भमा यो राष्ट्रिय भेलामा उपस्थित भएका छौं । राष्ट्रियता, लोकतन्त्र र समाजवादको आदर्श, सिद्धान्त र आर्थिक सामाजिक रुपान्तरणको यात्रामा सक्रिय हामीहरु राष्ट्रिय एकता तथा

मेलमिलाप नीतिको मार्गमा देखिएका चुनौतीहरुको सामना गर्ने निर्णायक अग्निपरीक्षाको सन्निकट छौं । यो भेलाले पार्टीको आदर्श, सिद्धान्त, नीति र कार्यक्रमलाई जीवन्त तुल्याउन वैचारिक र सांगठनिक कार्यदिशा तय गर्नेछ भन्ने मेरो विश्वास छ । म यतिवेला प्रजातान्त्रिक आन्दोलनको वैचारिक र सांगठनिक जग बसाउने जननायक वीपी कोइराला, सुवर्ण शम्सेर, सूर्यप्रसाद उपाध्याय, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, देवीप्रसाद सापकोटा, महेन्द्रविक्रम शाह, महेन्द्रनारायण निधि लगायत आन्दोलनको वटवृक्षलाई सिञ्चन गर्ने अग्रजहरुको योगदानको श्रद्धापूर्वक स्मरण गर्दछु । उहाँहरुकै वैचारिक पदचिन्हमा आधारित रहेर हामीहरुको आगामी यात्रा निरन्तर रहने छ र रहनुपर्छ भन्ने मेरो विश्वास छ ।

राष्ट्रिय भेला आयोजना गर्नुको उद्देश्य, नेपाली कांग्रेसको इतिहास, वर्तमान र भविष्यलाई समेत चुनौती दिनेगरी भएका केही असामयिक घटनाहरु तथा एक वर्षयता राष्ट्रमा देखिएका जटिल राजनीतिक परिस्थिति र अवको कार्यदिशाका सम्बन्धमा यो राजनीतिक प्रतिवेदन तथा प्रस्ताव केन्द्रित छ ।

## राष्ट्रिय भेलाको उद्देश्य

नेपाली कांग्रेसको स्थापना २००३ सालयता अनेक दुखद् अनुभूतिदेखि उपलव्धिमूलक समयको साक्षी रहेर अग्रजहरुले योगदान गर्नुभएको विरासत हामीसंग सुरक्षित छ । संगठनको चुरोमा आदर्श, सिद्धान्त, नीति कार्यक्रमकासाथ नेतृत्वको परम्परा रहेको हुन्छ । यसैको आधारमा सम्पूर्ण शुभेच्छुक साथीहरु र नागरिकलाई एकतावद्ध गरी मुलुकमा विद्यमान समस्याहरुको समाधान गर्ने, नागरिकका आवश्यकता सम्बोधन गर्ने, राष्ट्रिय अस्मितालाई जागरुक संगठनका रुपमा सुरक्षित गर्न निरन्तर लागि पर्ने तथा सबै पुस्तालाई लोकतान्त्रिक संस्कृति, विकसित संरचना, संस्थागत

राजनीति र स्वच्छ वातावरण हस्तान्तरण गर्न सकिने छ । इतिहासलाई अक्षुण्ण राख्दै वर्तमानमा निर्णय गर्दा भविष्यलाई समेत जोड्ने सामर्थ्य र सोच राख्नु पर्दछ । हामी सबैजना नेपाली कांग्रेसलाई यिनै उद्देश्य पूरा गर्ने एक सशक्त उपकरणका रुपमा विकसित गर्न निरन्तर सक्रिय छौं । र रहनु पर्दछ ।

यतिवेला २००७ सालको क्रान्तिलाई विशेष स्मरण गर्नुपर्ने हुन्छ । जुन क्रान्तिको उपलब्धि कुनै पनि खाले निरंकुशतन्त्रलाई नेपाली जनता स्वीकार गर्दैनन् भन्ने सन्देश थियो । त्यही क्रान्तिले जनताको सार्वभौम सर्वोच्चताको मार्ग प्रशस्त गर्‍यो भने राज्यसंयन्त्रलाई पूर्ण आधुनिकीकरण एवम् लोकतान्त्रिकरणको दिशामा अग्रसर गरायो । वीपी कोइरालाले लोकतन्त्रका रुपहरुको परिभाषा दिदैं नागरिकमा विद्यमान आर्थिक सामाजिक असमानता अन्त्य गर्ने विचार प्रतिपादन गर्नुभयो । जसको नामकरण गर्नुभयो, राष्ट्रियता, प्रजातन्त्र र समाजवाद । यसरी हेर्दा आधुनिक एवम् लोकतान्त्रिक राज्य नेपालको निर्माता वीपी कोइराला हुनुहुन्छ भन्नेमा द्विविधा छैन । शक्ति पृथकीकरणको सिद्धान्तका आधारमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको प्रयोगको थालनी पनि वीपीकै अग्रसरतामा भएको तथ्य सर्वविदितै छ । १८ महिनामात्रै सरकारको नेतृत्व गर्नुभएका वीपी कोइराला र सहयोगीहरुले त्यही दृष्टिकोणलाई सार्थक वनाउने इमान्दार प्रयास गरिरहेको अवस्थामा तत्कालीन राजा महेन्द्रबाट हठात् प्रजातान्त्रिक पद्धति समाप्त पार्दै निरंकुश निर्दलीय पंचायती शासन लागु गरेको तीतो र लामो इतिहास हामीले व्यहोर्नु परेकै हो । आठ वर्षको कठोर कारावासपछि शीर्षनेता गणेशमान सिंहसहित स्वनिर्वासनमा भारत पुगेर सञ्चालित सशस्त्र आन्दोलनको परिणाम, तत्कालमा दक्षिण एसियामा देखिएको राजनीतिक अनिश्चयता, पश्चिम एसियासहित केही मुलुकमा

देखिएको राजनीतिक संकट आदिको विश्लेषण गरी वीपीले २०३३ साल पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर नेपाल फर्कनु भयो । आज पनि यो नीति उत्तिकै सान्दर्भिक छ । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना र यसपछिको शक्ति सन्तुलनमा स्थापित राष्ट्रिय राजनीतिक शक्तिहरु र जनताकाबीचको एकता र मेलमिलाप अनिवार्य हुन्छ । तसर्थ वीपीले प्रतिपादन गर्नु भएको राष्ट्रिय एकता र मेलमिलापको नीति तत्कालीनमात्र होइन, गतिशील र सर्वकालीक छ ।

यसरी २००७ सालदेखि नेपालीको भरोसाको केन्द्र, सबै परिवर्तनका लागि भएका आन्दोलनको नेतृत्व गर्ने मियो पार्टी कांग्रेसलाई यतिबेला बैचारिक विचलनबाट ग्रसित गराई असहमति र असमझदारीका कारण कान्तिविहीन, ऊर्जाविहीन अवस्थामा पुर्‍याइएको छ । यो राष्ट्रिय भेलाको प्रमुख उद्देश्य १५औं महाधिवेशन सम्पन्न गरी वीपी कोइरालाले प्रतिपादन गर्नुभएको राष्ट्रियताको आदर्श, लोकतन्त्रको सिद्धान्त, आर्थिक सामाजिक रुपान्तरणको लागि लोकतान्त्रिक समाजवादी कार्यक्रम र राष्ट्रिय एकता तथा मेलमिलापको नीतिलाई सशक्त रुपमा कार्यान्वयन गर्न समयको माग र आग्रह अनुरुप संघीय लोकतान्त्रिक गणतन्त्रलाई समय अनुकुल विकसित गर्न, नेपाली कांग्रेसका तमाम साथीहरुमा ऊर्जा प्रदान गर्दै नेपाली जनतामा आशा र भरोसा विकास गर्नु रहेको छ । मलाई विश्वास छ, भेलामा सहभागी सम्पूर्ण साथीहरु यसनिम्ति प्रतिबद्धताकासाथ थप सक्रिय हुनुहुने छ ।

## पार्टीमा विकसित असमझदारी

नेपाली कांग्रेस विविध सोच र चिन्तनधारा रहेको पार्टी भएपनि १५औं महाधिवेशनको पूर्वसन्ध्यामा पुगिसकेको अवस्थामा अहिलेको जस्तो असमझदारी कहिल्यै देखिएको थिएन । नेपाली राष्ट्रिय कांग्रेस र प्रजातन्त्र

कांग्रेसको एकता र त्यसपछिको सशस्त्र क्रान्ति, आन्दोलन, सत्याग्रह, जनआन्दोलन जस्ता अनेक चरणमा विवादहरु थिए । तर जहिले पनि नेतृत्वको अग्रसरतामा समझदारीमा पुर्‍याउने काम भएको थियो । विवादलाई समझदारीमा पुर्‍याउने कुरामा नेतृत्वलाई सबैले साथ दिएका थिए । २०१७ सालको दुर्घटना, त्यसपछि सशस्त्र आन्दोलनका विषयमा सहयात्री गणेशमानसहित सभापति वीपी र २०१७ सालपछिका कार्यवाहक सभापति सुवर्ण शम्सेर, अथवा सत्याग्रहका पक्षपाती कृष्णप्रसाद भट्टराई र महेन्द्रनारायण निधिको सशस्त्र आन्दोलनको नीतिमा विवाद, २०३६ को जनमत संग्रहमा उत्पन्न पूर्वसर्तको विवाद, २०४२ को सत्याग्रहको सन्दर्भ जस्ता अनेक प्रकरणमा हामीले केही असहमतिहरु देख्यौं र भोग्यौं । २०४८ र २०५० को संसदीय चुनाव, संसद विघटनको दुर्भाग्यपूर्ण कारणहरु, २०५३ को गठबन्धन र नेतृत्वको विवाद, २०५९ मा संकटकालको प्रश्न, विभाजन र विवादहरु सुल्झ्याउँदै अनेक तीतामीठा अनुभवहरु भोग्दै निष्कर्षमा एकताबद्ध भएर नै आइपुगेका छौं । सभापतिका रुपमा वीपी कोइराला, सुवर्ण शम्सेर, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला र शेरबहादुर देउवाको नेतृत्वमा नेपाली कांग्रेस एकताबद्ध हुँदै हरेक चरणका राजनीतिक परिवर्तनको नेतृत्व गरेकाप्रति हामी सबै गौरव अनुभव गर्दछौं । २०४६ को जनआन्दोलनका सर्वोच्च कमाण्डर गणेशमान सिंहको योगदान अतुलनीय छ । २०६३ मा कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा राजाको निरंकुशसत्ता र परम्परागत राजसंस्थाको अन्त्य, दशवर्षे माओवादी सशस्त्र आन्दोलनको अन्त्य र शान्तिस्थापना, पहिलो संविधानसभाको निर्वाचन इतिहासमा अभिलेखबद्ध तथ्य हुन् । दोस्रो संविधानसभाबाट अनेकौं प्रतिकुलताका वावजुद तत्कालीन सभापति एवम् प्रधानमन्त्री सुशील कोइरालाको नेतृत्वमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएको हो । जो आफैंमा एक

सफल, साहसिक र दुरदर्शी कदम थियो । त्यसपछि पहिलो संघीय संसदको निर्वाचनबाट सभापति शेरबहादुर देउवाको नेतृत्वमा संविधान कार्यान्वयनको कार्य आरम्भ भयो ।

वीपी कोइरालाले प्रारम्भ गर्नुभएको समाजवादी कार्यक्रम र अभियानलाई २०४८ को निर्वाचनपछि गिरिजाप्रसाद कोइराला हुँदै नेपाली कांग्रेसबाट नेतृत्व गर्नुभएका प्रधानमन्त्रीहरु र सरकारमा सहभागी पार्टीका साथीहरुबाट निरन्तर भइनै रहेको छ । जनताको आकांक्षा र तीव्र गतिमा विकसित सूचना प्रविधिले निर्माण गरेको आवश्यकता पूरा गर्नमा केही ढिलासुस्ती भयो होला । तर अहिलेसम्म जे जति आर्थिक समृद्धि भएको छ ती सबै कांग्रेसकै पहलबाट संभव भएको हो ।

नेपाली कांग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवाकै नेतृत्वमा कर्णाली, दलित, महिला, जनजाति, मधेशी (कदमजम) को अवधारणा आरम्भ भएको हो । अहिले समावेशीताको सिद्धान्त त्यही कदमजममा आधारित रहेको छ भन्दा निश्चय पनि गौरवबोध हुने गर्छ । यसमा मुस्लिम, थारु लगायत सीमान्त क्षेत्र समेत थप भएको छ ।

माओवादी हिंसात्मक द्वन्दको समाधानका लागि संविधानसभाद्वारा  संविधान बनाउने उपयुक्त बाटो हुने, केन्द्रिकृत एकात्मक राज्य संरचनाको ठाउँमा वैकल्पिक राज्य शासन प्रणाली लागू गर्ने, राजालाई जनता चाहिदैन भने जनतालाई पनि राजा चाहिदैन भन्ने सैद्धान्तिक विचारको वीजारोपण शेरबहादुर देउवा नेतृत्वको नेपाली कांग्रेस (प्रजातान्त्रिक) ले नै राजनीतिक एजेण्डाका रुपमा अबलम्बन गरेको थियो । पछि गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवाबीच पार्टी एकीकरणका लागि संझौता हुँदा यी सबै एजेण्डाहरु स्वीकार गरिएको स्मरण गर्दा गौरवको अनुभुति हुन्छ । वीपीको

विचार अनुसार नेपाललाई लोकतान्त्रिकरण गर्दै जाने यात्रामा यो अग्रगमनकारी कदम नै हो ।

यी सबै उपलब्धिको रक्षा गर्दै लोकतान्त्रिक र स्थापित शान्तिपूर्ण प्रकृयाबाट आगामी पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नु आजको आवश्यकता हो । तर विधिसम्मत, स्वभाविक प्रक्रिया र इतिहासलाई क्षतविक्षत पार्दै महामन्त्रीद्धयबाट २०८२ पुसमा अनधिकृत रुपमा विधान विपरित अराजक, अवैधानिक र षड्यन्त्रमूलक ढंगबाट तथाकथित विशेष महाधिवेशन गरी १४औं महाधिवेशनबाट निर्वाचित सभापति र कार्यसमितिलाई विघटन गरिएको भन्दै महामन्त्रीले आफैंलाई नेतृत्व घोषणा गरेका कारण पार्टीमा गम्भीर मतभेद उत्पन्न भएको छ । यदि यो भतभेदलाई तत्कालै मेट्न सकिएन, समझदारी कायम गर्न सकिएन र विधान अनुकुल पार्टी सञ्चालन गर्न सकिएन भने नेपाली कांग्रेस दुर्घटनाग्रस्त हुनेछ र लोकतन्त्रको भविष्य थप अन्धकारमय हुनेछ । यसै पनि अहिले राष्ट्रिय राजनीति अत्यन्त कठिन अवस्थामा छ । यस्तो वेला सबैभन्दा पुरानो, लोकतन्त्रकाप्रति प्रतिवद्ध र ऐतिहासिक परिवर्तनको संवाहक कांग्रेसमा विग्रह ल्याउनु राष्ट्रकै लागि पनि दुर्भाग्यपूर्ण हुनेछ । यसर्थ, हामी त्यो दुर्भाग्यपूर्ण अवस्था सिर्जना नहोस् भन्ने पवित्र मनसायले राष्ट्रिय भेला आयोजना गर्न बाध्य भएका छौं ।

## असमझदारीका कारण

२०८२ भदौ २३ र २४ मा भएको विध्वंशात्मक घटना नेपालको इतिहासमा एक दुःखद् अभिलेख हुन पुगेको छ । त्यस घटनामा मृत्युवरण गर्नेहरुप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै घाइतेहरुप्रति सहानुभूति र आफ्ना सन्तान वा अभिभावक गुमाउनु भएका सबैमा समवेदना प्रकट गर्दछौं । ऐतिहासिक धरोहरका स्मारकदेखि औद्योगिक, व्यापारिक संस्थानहरु समेत ध्वस्त वनाइएका छन् । वीपी कोइरालाको विराटगरस्थित ऐतिहासिक निवास,

गणेशमान सिंहको चाक्सीवारी निवास, सन्तनेता कृष्णप्रसाद भट्टराईको वाँडेगाउँस्थित आश्रम र त्यहाँका सबै अभिलेख जलाउने कुकृत्य भएको विदितै छ ।

कांग्रेस सभापति शेरबहादुर देउवा र उहाँकी धर्मपत्नी तत्कालीन परराष्ट्रमन्त्री आरजु देउवा, नेपाली कांग्रेसका कतिपय नेता, सांसदहरुमाथि क्रूरतापूर्वक र नियोजित रुपमा आक्रमण भएको छ । रक्ताम्य पारेर देउवा दम्पतिलाई पिट्दै गरेको अत्यन्त क्रूर ह्रदयविदारक दृश्यले कुनै पनि मनलाई भावविह्वल वनाएको अवस्था थियो । यो किन भयो ? राष्ट्रिय मानव अधिकार आयोग र सुशीला कार्की नेतृत्वको सरकारले गठन गरेको कार्की आयोगको प्रतिवेदनले यस प्रश्नको सिलसिलेवार उत्तर दिन खोजे पनि त्यो अझै रहस्यमय र अनुसन्धानको विषय रहेको छ ।

जेन जीको नाममा भएको घटनाकै क्रममा सरकारको नेतृत्व गर्दै रहेका एमाले अध्यक्ष केपी शर्मा ओलीदेखि माधवकुमार नेपाल, पुष्पकमल दाहाल प्रचण्ड र झलनाथ खनालको निवाससमेत खरानी भए । खनालकी धर्मपत्नीलाई जलाउने अमानवीय, क्रूर र निन्दनीय प्रयास भयो । नेपाली कांग्रेस र लोकतान्त्रिक आन्दोलनका सहयात्री दलका केन्द्रीय, स्थानीय नेताहरुका घर खरानी भए । सरकारी कार्यालय भवनहरु जलाइए । यी घटना देशभरी नै भए । संसद भवन, राष्ट्रका महत्वपूर्ण लिखत रहेको सिंहदरवार, न्यायको मन्दिर र संविधानको रक्षक सर्वोच्च अदालत, शीतल निवासस्थित राष्ट्रपति भवन खरानीमा परिणत भए । लोकतान्त्रिक परिवर्तनका पक्षधर र परिवर्तनका पक्षमा योगदान गरेका कतिपय कलाकार, व्यापारी र सर्वसाधारणका घरसमेतमा आगो लगाइयो । त्यस क्रूर र गन्तव्यहीन हिंसाका क्रममा विद्यालय पोशाकमा रहेका बालबालिकासहित ७६ जनाले जीवन गुमाउनु परेको थियो ।

निषेध गरिएको सामाजिक सञ्जाल तुरुन्त खोल्न र देशमा व्याप्त भ्रष्टाचार अन्त्य गरी सुशासनका लागि विश्वसनीय आधार खडा गर्न स्वप्नशील जेन जी पुस्ताले गरेको माग र जुलुस २३ भदौको दिउँसो १ वजे नै टुंगिएको घोषणा गरी आयोजकहरुले प्रदर्शन क्षेत्रबाट अलग भएको सार्वजनिक जानकारी दिएका थिए । त्यसपछि तिनै जेन जीको आवरणमा भएको तोडफोड, विध्वंशात्मक गतिविधि र गोली प्रहारले नेपालीको मन आहत भइरहेको थियो ।

देशैभरी विध्वंश छाउँदा संविधान, संसद, सरकार, अदालत, सुरक्षा संयन्त्र सबै निस्तेज भएका थिए भने आर्थिक क्षेत्र तहसनहस हुँदा देश अनाथ जस्तो हुन पुगेको थियो । त्यसपछि भदौ २७ गते सम्माननीय राष्ट्रपतिबाट आपतकालीन समाधानको रुपमा प्रधानमन्त्रीको मनोनयन, संसद विघटन र २०८२ फागुन २१ गतेको लागि प्रतिनिधिसभाको निर्वाचनको मिति तोक्ने काम गरियो । जुन संविधानसम्मत थिएन । तर आपतकालीन समाधानका रुपमा सबैले स्वीकार्नुपर्ने बाध्यात्मक अवस्था आयो । यस्तो संकटपूर्ण समयमा समाधान के हुने र कसले दिने भन्ने किंकर्तव्यबिमूढको अवस्थामा सार्वभौम जनताले नै समाधान दिनु उपयुक्त हुन्छ । सार्वभौम जनताले दिने समाधान भनेको निर्वाचन प्रणालीका माध्यमबाट नै हो । यस अर्थमा निर्वाचनको तिथि आइसकेकोले सबैले समाधानका रुपमा स्वीकार्नु पर्ने अवस्था आयो । हामीले पनि स्वीकार्‍यौं ।

२०४६ को परिवर्तन लगत्तै आम नागरिकका समस्या सम्बोधन गर्ने, शिक्षितहरुलाई स्वदेशमै योग्यता अनुरुप काम र अरु युवाहरुलाई रोजगारी दिन नसक्नु अनि पारदर्शीता र सुशासनमा कमी भएको यथार्थता स्वीकार्नै पर्दछ । दशवर्षे हिंसात्मक द्वन्दकालका पीडितहरुका लागि शीघ्र न्याय प्रदान

गर्न नसक्नु गम्भीर कमजोरी नै हो । तर पनि जेन जीको नाममा भएको घटनाको सत्यतथ्य गम्भीर अनुसन्धानकै विषय छ भन्ने हामीलाई लाग्छ ।

संविधान जारी भएपछि ७ वटा प्रदेश, ७५३ पालिका र ६,७४३ वडाको संरचना निर्माण भइसकेता पनि संघीयताको मान्यता एवम् प्रावधान अनुसार प्रदेश र पालिकाहरुमा आवश्यक अधिकार प्रदान गर्न सकिएको छैन । प्रदेशहरुको मातहतमा प्रहरी संगठन र सुरक्षा निकाय छैन । त्यस्तै, प्रदेश र पालिकाहरुमा आफ्नो कर्मचारी संरचना भर्ना गर्ने र अवकाश ( हायर एण्ड फायर) को अधिकार दिइएको छैन । जुन काम सर्वोपरी प्राथमिकताको साथ हुनुपर्थ्यो ।

## नेपाली कांग्रेसमा परेको असर

जेन जी घटनाको नाममा नेपालको अस्मितामाथि धावा वोल्ने गरी मञ्चन भएको त्यो खेलले नेपाली कांग्रेसलाई विग्रहको भुमरीमा पुर्‍याएको छ । जसको उद्देश्य राष्ट्रिय, देशभक्तिपूर्ण र लोकतान्त्रिक शक्ति नेपाली कांग्रेस र अन्य दलहरुलाई धराशायी वनाउनु थियो कि ? अथवा अन्यत्र क्षेत्रमा जस्तै गरी कांग्रेसभित्रको अतिमहत्वाकांक्षी चिन्तनले जेन जी घटनाको सहारामा आफ्नो महत्वाकांक्षा पूरा गर्ने योजना वुनेको थियो ? यी प्रश्नको उत्तर क्रमशः खुल्दै जानेछ । तर यसवारे केही प्रसंगहरु उल्लेख गर्नु आवश्यक हुन्छ ।

(क) जेन जी घटनामा पार्टी सभापतिसहितका नेताहरुको अवस्था अज्ञात रहेको तथा घटनाको सूक्ष्म जानकारी र विश्लेषण विना नै तत्कालीन महामन्त्रीद्वारा भदौ २५ गते जारी गरिएको वक्तव्यमा आफ्नै पार्टी सभापति शेरबहादुर देउवा र उहाँकी धर्मपत्नीप्रति सहानुभूति देखाउने र

स्वास्थ्यलाभको कामनासमेत गरिएको छैन । पार्टी नेतृत्वलाई ढाडस दिने र सहयोगी हुने अथवा पार्टीपंक्ति परिचालन गर्ने कुनै आश्वासन छैन ।

महामन्त्रीद्वयले जारी गरेको वक्तव्यबाट सभापति देउवा र उहाँको परिवार अनि अरु घाइतेहरुको त्यो जीवनमृत्युको चरण स्वाभाविक हो जस्तो देखिन्छ । अर्को कुरा, सोही वक्तव्यमा संसद विघटन गरी प्रकारान्तरले अर्को व्यवस्था तय गर्न माग गरिएको छ । वक्तव्यमा अव देश चलाउन र निर्वाचन गर्न नयाँ राजनीतिक संरचना बनाउँदा देशमा लामो संवैधानिक रिक्तता र शून्यता आउन नदिन हरसम्भव वैधानिक उपाय खोज्न जेन जीसंग आग्रह गरिएको छ । वक्तव्यमा गैरसंवैधानिक रुपमा संसद विघटन, संसदबाट निर्वाचित सरकारको वर्खास्तगी र नयाँ सरकार गठनका लागि आग्रह र उत्प्रेरणा स्पष्ट देखिएको छ ।

(ख) प्रतिनिधिसभाको निर्वाचन तोकिसकिएको अवस्थामा पार्टीभित्र विशेष महाधिवेशन कि नियमित महाधिवेशन भन्ने विवाद उत्पन्न गराइयो । जबकि नेपाली कांग्रेस पूर्ण रुपमै आम निर्वाचनमा होमिनु पर्ने भएकोले निर्वाचनअघि कुनै पनि महाधिवेशन नगरौं भन्ने केन्द्रीय समितिमा बहुमतको राय थियो । यसका पछाडिको प्रमुख कारण कार्यकर्तामा मतभेद र तिक्तता बढ्ने र त्यसले निर्वाचनमा नकारात्मक असर पर्ने खतरा थियो । त्यसपछि लामो छलफलद्वारा फागुन २१ गतको चुनावपछि २०८३ वैशाखमा नियमित १५औं महाधिवेशन गर्ने बैठकबाट महामन्त्रीसहितको सर्वसम्मतिमा निर्णय भएको थियो ।

स्वयं महामन्त्री गगन थापा क्रियाशील सदस्यता व्यवस्थापन गर्ने समितिको संयोजक भएर काम गरिरहेका थिए र अधिकांश जिल्लाबाट सदस्यता नवीकरणसमेत भएको थियो । यसरी विशेष महाधिवेशनको औचित्य समाप्त भइसकेको अवस्था हुँदाहुँदै अचानक बीचमै रहस्यमय ढंगले विशेष

महाधिवेशनका लागि हस्ताक्षर र मिति घोषणा गरेर कांग्रेसमा षड्यन्त्रपूर्बक र योजनावद्ध ढंगबाट अनपेक्षित चिरा पार्ने काम गरियो । जीवनमरणको संघर्ष गर्दै अस्पतालमा वस्नु भएका सभापति देउवालाई नेतृत्व छाड्न र आफूमा नेतृत्व हात पार्न महामन्त्रीद्वयको निरन्तर दवाव आइरहेको थियो । जसलाई नेतृत्व हस्तान्तरणको अवाञ्छित प्रकृया अवलम्बन गर्न खोजिएको रुपमा प्रष्टसंग बुझ्न सकिन्छ ।

रुपान्तरण, पुस्तान्तरण र हस्तान्तरण जस्ता शब्दहरु प्रयोग गर्दै महामन्त्रीद्वयबाट क्रमशः महत्वाकांक्षी योजनामात्र प्रकट भइरहेको थियो । रुपान्तरण, पुस्तान्तरण र हस्तान्तरण जस्ता शब्दहरुप्रति हाम्रो विमति नभएपनि हरेक निर्णयहरु विधिसम्मत, स्थापित, स्वभाविक र मर्यादित ढंगबाट हुनुपर्छ भन्नेमा हामी दृढ थियौं र छौं । रुपान्तरण वा हस्तान्तरणका नाममा नेतृत्वमा पुग्ने र असमझदारी, असहमति फराक पार्ने अनि पुस्तान्तरणका नाममा आन्दोलनका हरेक चरणमा योगदान गर्नेहरुलाई विधि विपरित पन्छाउने र अपमानित गर्ने खेल अहिले पनि चलिरहेको छ । यसमा हामी कुनै पनि हालतमा सहमत छैनौं ।

(ग) पार्टी सभापति शेरबहादुर देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापति मनोनयन गर्नुभएपछि खड्काले हरेक पक्षको विचार गरी निर्वाचन केन्द्रित, एकताबद्ध हुने गरी पार्टीभित्र विचारविमर्श गर्नुभयो । तर त्यसैको सेरोफेरोमा विशेष महाधिवेशनका लागि हस्ताक्षर संकलन गर्ने र पार्टीमा दर्ता गर्ने दवाव महामन्त्रीहरुबाट सुरु भयो । तैपनि परिस्थितिलाई प्रतिकुल हुन नदिन, पार्टीलाई ऐक्यबद्ध गराउन हामी निरन्तर लागिरह्यौं । तर हाम्रा सबै प्रयासलाई असफल बनाउँदै पार्टीमा द्वन्द बढाउने काम महामन्त्रीहरुबाटै भयो ।

अन्ततोगत्वा २०८३ वैशाखमा नियमित महाधिवेशन गर्ने र आसन्न निर्वाचनको तयारीमा जुट्ने निर्णय विपरित, पुस १७ गते महामन्त्रीद्वयद्वारा केन्द्रीय समितिको निर्णय विपरित एक वक्तव्यमार्फत पुस २७ का लागि विशेष महाधिवेशन आह्वान गरियो । प्रतिनिधिसभा निर्वाचनका लागि उमेदवारी दर्ता गर्नुपर्ने पूर्वसन्ध्यामा अवैध तरिकाबाट विशेष महाधिवेशन गरी पार्टीको नेतृत्व कब्जा गर्ने दूराशयपूर्ण रणनीति यसबाट स्पष्ट हुन्छ । यही प्रकरणबाटै महामन्त्रीद्वयले नेपाली कांग्रेसलाई चिरा पार्ने, एकलौटी कब्जा गर्ने, नेताहरुको तेजोवध गर्ने संगठित प्रयास शुरु गरेका हुन् ।

(घ) तथाकथित विशेष महाधिवेशनका लागि कतिपय केन्द्रीय महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यहरुको नक्कली हस्ताक्षर गराइएको थियो । हस्ताक्षर र संख्या सार्वजनिक हुने भयले तीनचार दिन लम्ब्याएर सर्वसम्मत नेतृत्व चयन गराउने नाटक मञ्चन गरियो । निर्वाचन भएको भए संख्या र हस्ताक्षरबारे पोल खुल्ने थियो । प्रतिनिधिसभाको निर्वाचनका लागि उमेदवारी दिने अघिल्लो दिन यसरी नेतृत्व परिवर्तन गर्दा कांग्रेसमा गम्भीर मतभेद चुलियो ।

(ङ.) पार्टीभित्रको गम्भीर विग्रहको परिणाम नेपाली कांग्रेस संसदीय इतिहासमा सबैभन्दा कमजोर भएको छ र प्रतिनिधिसभामा प्रत्यक्षमा १८ र समानुपातिकमा २० गरी ३८ स्थानमा खुम्चिएको छ । जवकि २०७९ मा ५७ प्रत्यक्ष र समानुपातिक ३१ गरी ८८ स्थानमा पहिलो शक्ति रहेको थियो । कांग्रेसलाई यस्तो निरीह अवस्थामा पुर्‍याउने काम अवैध रुपले गरिएको विशेष महाधिवेशनका कारण नै हो ।

(च) केन्द्रीय महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यहरुको कुल संख्याको ४० प्रतिशतले विशेष महाधिवेशन माग गर्न सक्दछ । तर त्यो मागलाई केन्द्रीय समितिले निर्णय गर्नुपर्ने र केन्द्रीय समितिले नै विशेष

महाधिवेशन वोलाउनु पर्ने तथा बहालवाला सभापतिले नै अध्यक्षता गर्नुपर्ने विधानको प्रावधानको ठाडै उल्लंघन भएको छ ।

## तथाकथित विशेष महाधिवेशनका नाममा भएका निर्णयप्रति गम्भीर असहमति

विधान विपरित गरिएको विशेष महाधिवेशनमा नेपाली कांग्रेसको आदर्श, सिद्धान्त, कार्यक्रम र नीतिमाथि नै आक्रमण भएको छ भन्ने केही दृष्टान्त निम्नानुसार छन् ।

(१) नेपाली कांग्रेसले निरन्तर लोकतान्त्रिक समाजवादको सिद्धान्तलाई अख्तियार गरेको छ । तर विशेष महाधिवेशन पक्षधरले सामाजिक लोकतन्त्रको महिमागान गर्न थालेको छ । लोकतान्त्रिक समाजवादको सट्टा सामाजिक लोकतन्त्रतर्फ उन्मुख भएको चर्चा सुनिदैछ । विशेष महाधिवेशनबाट आएका पदाधिकारी र पक्षधरहरुले समाजवादको उच्चारणसमेत गर्न छाडेका छन् । यसबाट कांग्रेसलाई वीपी विचार र लोकतान्त्रिक समाजवादबाट विचलन गराउने पश्चगमनकारी कृत्य हुँदैछ भन्ने हाम्रो ठहर छ ।

(२) नेपाली कांग्रेस वदल्यौं भन्ने नारा गम्भीर र आपत्तिजनक छ । नेपाली कांग्रेस वदल्न पहिले आदर्श राष्ट्रियता, सिद्धान्त लोकतन्त्र, कार्यक्रम आर्थिक, सामाजिक रुपान्तरणका लागि समाजवाद अनि राष्ट्रिय एकता तथा मेलमिलाप नीतिसमेत वदलिएको मानिन्छ । झण्डा र निर्वाचन चिन्हमाथि पनि प्रश्न उठ्नसक्छ । अनि २००३ सालदेखि २०८२ पुस २७ सम्मको इतिहास विर्सेको र नयाँ स्थापना गरिएको भन्ने मान्नुपर्ने हुन्छ । यसरी एकातिर तथाकथित विशेष महाधिवेशनले नेपाली कांग्रेसको मौलिक परिचयलाई परित्याग गर्दै इतिहासलाई नै विस्मृतिमा पुर्‍याउने प्रयास

गरेको देखिन्छ भने अर्कातिर निर्वाचनको पराजयले विशेष महाधिवेशन गलत थियो भन्ने पुष्टि भएको छ। पार्टी एकता गराउन गरिएका सभापति देउवा र केन्द्रीय समितिका सबै प्रयासहरुलाई लत्याउँदै यसरी नेपाली कांग्रेसलाई मानसिक र सैद्धान्तिक रुपमा नराम्रोसंग विग्रहको दलदलमा फसाइयो र पार्टीलाई आजको कठिन परिस्थितिमा पर्‍याइएको छ।

(३) नियमित महाधिवेशनको मिति तय गरिएसंगै पाँच देशमा रहेका नेपाली जनसम्पर्क समितिका अधिवेशन सम्पन्न भइसकेका थिए । सदस्यता नवीकरण गरी देशभित्र करीव पाँच लाख सदस्यता रहेको जानकारी महामन्त्री थापा स्वयंले नै सार्वजनिक गरेका थिए। ती सबै कामहरुलाई पूर्णतः उपेक्षा गरी विशेष महाधिवेशन आयोजना गर्नु महामन्त्रीद्वयको उग्र दक्षिणपन्थी महत्वाकांक्षा वाहेक केही देखिदैन।

(४) अहिले १५ औं महाधिवेशनका लागि निर्धारित समयभित्रै क्रियाशील सदस्यता नवीकरण गरिसकेका सदस्यहरुलाई पनि अद्यावधिक गर्न गराउन धम्कीपूर्ण दवाव दिइरहेको छ। यो सरासर विधान विपरित दूराशयपूर्ण कार्य हो भन्ने हाम्रो ठहर छ । एउटै महाधिवेशनका लागि दोहोरो सदस्यता नवीकरणको प्रावधान कतै पनि आवश्यक नहुने भनिरहनु पर्ने विषय होइन। हामीले स्पष्ट भनेका छौं, अद्यावधिकको पासो थाप्नु हुँदैन।

## सर्वोच्च अदालतबाट पुनरवलोकनको अनुमति

नेपाली कांग्रेसको आधिकारिकता सम्बन्धी विवादका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतले पुनरवलोकनको अनुमति दिएको छ । सर्वोच्चको यो अनुमतिलाई हामी स्वागत गर्दछौं । विशेष महाधिवेशनलाई निर्वाचन आयोगका तीन सदस्यीय पदाधिकारीले बहुमतद्वारा अद्यावधिक गर्ने निर्णय गरिदिएको थियो । जुन निर्णय गर्दा निर्वाचन आयुक्त डा. जानकी कुमारी

तुलाधरले फरक मत (नोट अफ डिसेन्ट) राख्नु भएको थियो । आफ्नो फरक मतमा आयुक्त डा. तुलाधरले लेख्नु भएको छ, **'यो निर्णय संवैधानिक, कानुनी आधारका अतिरिक्त आयोगको प्रचलित अभ्यास र न्यायसंगत नभएको हुँदा निर्णयमा मेरो असहमति छ ।'**

त्यतिमात्र होइन, दल सम्बन्धी अभिलेखमा पदाधिकारीको नाम परिवर्तन गर्दा बहालवाला पार्टी सभापति शेरबहादुर देउवालाई एक पटक पनि सोध्ने र आफ्नो भनाई राख्ने मौकासमेत नदिई गरिएको निर्णय प्राकृतिक न्यायको सिद्धान्त विपरित थियो । नेपाली कांग्रेसको विधान अनुसार समग्र नेतृत्व प्रदान गर्ने अधिकार सभापतिमा हुन्छ । तत्काल कुनै निर्णय लिनुपर्ने अवस्था आएमा सो निर्णय सभापतिले लिन सक्छ । त्यसबाहेक कुनै पनि पदाधिकारीलाई विधानले त्यो अधिकार दिएको छैन । अर्थात् महामन्त्रीलाई पनि यस्तो अख्तियारी वा अधिकार हुदैन ।

निर्वाचन आयोगले एकतर्फी ढंगबाट पूर्वाग्रही भएर कानुन विपरित गरेको त्रुटीपूर्ण निर्णयका विरुद्धमा पार्टी सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्काद्वारा सर्वोच्च अदालतमा रिट दर्ता भएपछि, सर्वोच्च अदालतको डिभिजन वेञ्चले विषयबस्तुको गहिराईमै प्रवेश नगरी निर्वाचन आयोगको निर्णयलाई अनुमोदन गरिदिएपछि सभापति देउवा र कार्यवाहक सभापति खड्काद्वारा पुनः उक्त निर्णयमाथि पुनरवलोकनको माग गरिएकोमा २१ साउन २०८३ मा पुनरवलोकन गर्ने अनुमति (निस्सा) दिइएको छ । यसबाट नियमित महाधिवेशनका पक्षमा दृढतापूर्वक उभिएका र विशेष महाधिवेशनको औचित्य अस्वीकार गर्दै पार्टीमा वृहद् एकताका पक्षमा रहनु भएका साथीहरु उत्साहित हुनुभएको छ । संविधान, प्रचलित कानुन, निर्वाचन आयोगको अभ्यास, अदालतको नजिर र पार्टीको विधान अनुसार सर्वोच्च अदालतको पुनरवलोकनबाट निर्वाचन आयोगको निर्णय

बदर भई हामीले न्याय पाउँछौं र १४औं महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवाले नेतृत्व गर्नु भएको कार्यसमितिले नै निरन्तरता पाउने छ भन्ने कुरामा हामीले विश्वास लिएका छौं ।

## राष्ट्रिय भेला

विगतका असहमति, आशंका, गल्तीहरुलाई सच्याउँदै नेपाली कांग्रेसलाई ऐक्यवद्ध गराउने प्रतिवद्धताकासाथ राष्ट्रिय भेला आयोजना गरिएको छ । यिनै पृष्ठभूमिमा हामी देशभरका महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, जिल्ला सभापति, प्रदेश समिति, नगर समिति, वडा समितिका साथीहरु र शुभेच्छुक संगठनका साथीहरु, जनसम्पर्क समितिका साथीहरुको सहभागितामा नेपाली कांग्रेसलाई बृहत एकताकासाथ संगठित र सुदृढ गर्नका लागि र नयाँ कार्यदिशा निर्णयार्थ यो राष्ट्रिय भेला आयोजना गरेका छौं ।

## वीपी विचारको आधार

वीपी विचारको आधारमा राष्ट्रियता, लोकतन्त्र, समाजवाद र राष्ट्रिय एकता तथा मेलमिलापका सिद्धान्तलाई हामी दृढतापूर्वक अवलम्वन गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । अहिले राष्ट्र, लोकतान्त्रिक प्रणाली र परिवर्तनका एजेण्डामाथि अनेक दिशाबाट काला वादल मडारिरहेको अवस्था छ । यसवेला वर्तमान संविधानका मूलभूत सिद्धान्तहरुको रक्षा गर्दै लोकतान्त्रिक संस्कृतिको विकास गर्ने, आम नागरिकका समस्याको निकास खोज्ने, भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अख्तियार गर्ने, पार्टीको आन्तरिक जीवनमा पनि लोकपाल गठन गर्न सकिने जस्ता अग्रगामी कदमहरुमार्फत सुशासनको मार्गलाई थप सवल गराउने प्रण गर्दछौं ।

## संघीय लोकतान्त्रिक गणतन्त्र र संविधान

सार्वभौम जनताद्वारा निर्वाचित संविधानसभाबाट नेपाली जनताले पहिलो पटक आफ्नो संविधान आफैं बनाएर सगर्व जारी गरेका छन् । यस संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई अवलम्बन गरेको छ । संविधानले राष्ट्रियता, लोकतन्त्र, समाजबाद, संघीयता, गणतन्त्र, समावेशिता, मिश्रित निर्वाचन प्रणाली, धर्म निरपेक्षता, तथा अहिंसा र शान्तिको सिद्धान्तलाई आधार मानेको छ। संविधान अनुसार तीन पटक आमनिर्वाचन तथा प्रदेश र स्थानीय तहको दुई पटक निर्वाचन भइसकेको छ। यो अभ्यासका क्रममा धेरै प्रकारका चुनौती र विकृतिहरुको सामना पनि गर्नु परेको छ।

संघीय प्रणालीको सुदृढीकरण गर्दै संविधानको दीर्घायू तथा सफल कार्यान्वयनका लागि **संशोधन** गर्दै आवश्यक कानुन निर्माण गर्नु आजको आवश्यकता हो । यो जिम्मेवारी निर्वाह गर्दा अग्रगमनको बाटो अख्तियार गर्नु पर्दछ। यो गहन कार्य सुस्पष्ट नीति र वृहत एकतासहितको कांग्रेसले मात्र गर्न सक्दछ । यसका लागि जस्तोसुकै अवस्थामा जुनसुकै साहसिक दिशा र निर्णय लिन हामी तयार हुनेछौं।

## नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध

नेपालको भारतसंगको सम्बन्ध सदियौंदेखि विशिष्ट रहेको छ । दुई देशबीचको हाम्रो यो सम्बन्धलाई अझ सुदृढ र सुमधुर गर्दै विकसित गर्नु आवश्यक छ । अर्को छिमेकी देश चीनसंगको हाम्रो घनिष्ठ सम्बन्धलाई अझै विकसित गर्नु परेको छ। अमेरिका, बेलायत, जापान, इजरायल, अरब मुलुक, स्केण्डेभियन, अष्ट्रेलिया, अफ्रिका, युरोपियन युनियन लगायतसंगको सम्बन्धलाई पनि राष्ट्रको हितमा थप विकसित गर्नु परेको छ। हाम्रो विदेश नीति पञ्चशील र असंलग्न सिद्धान्तका आधारमा रहि आएको छ र रहनु

पर्दछ । यी सम्वन्धहरु सम्पर्क र संवादका माध्यमबाट राष्ट्रको हितमा अगाडि बढाउदै लैजानु आजको प्रमुख आवश्यकता हो ।

## सरकारका सम्वन्धमा

फागुन २१ गतेको निर्वाचनको परिणामस्वरुप अप्रत्याशीत एवम् आश्चर्यजनक तर युगान्तकारी रुपान्तरणको रुपमा मधेशी मूलको नेपाली नागरिकलाई देश र जनताले पहिलो पटक प्रधानमन्त्री पाएको छ । यसरी आएका प्रधामन्त्रीलाई असफल हुने छुट छैन । साथै, पद्धति र प्रणालीको अवमूल्यन गर्ने वा खण्डित गर्ने छुट किमार्थ हुदैन । यसको लागि वीपीले प्रतिपादन गर्नुभएको राष्ट्रिय एकता र मेलमिलापको नीति अवलम्बन गर्दै संवाद, सहमति र सहकार्यको माध्यमबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीसहितको संविधानको दीर्घायू र सफल कार्यान्वयनका लागि अग्रसर भइरहनु समयको माग हो ।

गत निर्वाचनबाट झण्डै दुई तिहाई बहुमतका साथ आएको सत्तासीन पार्टीको आदर्श, सिद्धान्त, कार्यक्रम र कार्यनीतिहरु स्पष्ट छैनन् । लोकतान्त्रिक समाजवादको सट्टामा वा प्रतिस्पर्धामा सामाजिक लोकतन्त्रको अवधारणा पश्चगमनकारी नै हुन्छ । प्रदेशहरु वा स्थानीय तहहरु खारेजी गर्न खोज्नु वा कमजोर बनाउन खोज्नु प्रतिगमन नै हुन्छ । नयाँ पार्टी भएको र अधिकांश प्रतिनिधिहरु पनि नयाँ भएकोले शासकीय क्षेत्रमा परिपक्वताको अभाव देखिन्छ । यसले लोकतन्त्रका मूल्यहरुको पालना र अनुशरण गर्दै, राष्ट्रको सार्वभौम सर्वोच्चताको रक्षा, संसदको मर्यादा, स्वतन्त्र न्यायलयको गरिमा, प्रशासनयन्त्रको कानुनसम्मत परिचालन, सुरक्षा निकायको संवेदनशील र जिम्मेवार प्रयोग, सुशासनको प्रत्याभूति, आम नागरिकका आवश्यकता सम्बोधन गर्ने पारदर्शी कार्य अपेक्षित छ । करिब दुईतिहाई शक्तिको बलमा संघीयता, गणतन्त्र, प्रदेश र

स्थानीय तहलाई कमजोर पार्ने काम गर्न पाइदैन । शक्तिपृथकीकरणको सिद्धान्त अनुसार कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको काम निर्वाध ढंगबाट संचालन हुने वातारण बनाउनु सत्ताधारी दलको महत्वपूर्ण जिम्मेवारी हुन्छ । पेशागत र वर्गीय हकहितका लागि वैचारिक आस्थाका आधारमा गठन हुने संस्थाहरुलाई शान्तिपूर्ण र विधानसम्मत संगठित हुने अधिकार कुण्ठित गर्ने वा निषेध गर्ने काम हुनु हुदैन भन्ने हाम्रो प्रष्ट मान्यता रहेको छ ।

तत्कालमा बाढी पहिरो पीडितको समस्या एकातिर अर्कातिर खाना पकाउने ग्याँसको अभावले चुल्हो नवल्ने अवस्था सिर्जना हुँदैछ । किसानहरुले मल पाएका छैनन् । विजुलीदेखि विभिन्न उपभोग्य सामग्रीमा लगाइएको करको भारले आम नागरिक चिन्तित छन् । झुपडीबाट बलात् विस्थापित गराएपछि विचल्लीमा परेका सुकुम्बासी र विपन्नहरुको शीघ्रातिशीघ्र आवश्यक व्यवस्था हुनु जरुरी छ । जनतासंग प्रत्यक्ष सम्बन्धित यस्ता विषयप्रति सरोकारवाला पक्षको गम्भीर ध्यान जाओस् भन्ने हाम्रो आग्रह छ ।

## सामाजिक सद्भावको खाँचो

नेपाली समाज विविधताको फूलवारी हो । विविधता अभिशाप होइन अपितु वरदान हो, सम्पत्ति हो । जहाँ विभिन्न धर्म, जातजाति र समुदायले भौगोलिक विविधता र विकटतालाई सहजतापूर्वक लिदैं एकआपसमा सहकार्य र सहिष्णुताको संस्कृति विकास भएको छ । धार्मिक स्वतन्त्रतालाई नेपाली समाजले परम्परादेखि आत्मसात् गर्दै आएको छ । यस्तो अवस्थामा केही दिन पहिले सुनसरीको कप्तानगञ्जमा दुई धार्मिक समुदायकाबीचमा भएको हिंसापूर्ण तनाव र त्यसबाट भएको मानवीय क्षतिप्रति यो राष्ट्रिय भेला गहिरो दुःख र समवेदना व्यक्त गर्दछ । समुदायबीच द्वन्द फैलाउने

यस्ता तत्वहरुलाई नियन्त्रण गर्नका लागि सरकार र समाज सजग हुनुपर्दछ । सुनसरीदेखिको त्यो विवाद वढ्दै सिरहा, जनकपुर, वीरगञ्जसम्म फैलिनुले हाम्रो समाजमा सद्भाव र सहिष्णुताको सन्देश र व्यवहार अझै जरुरी भएको देखिन्छ । त्यस घटनाको निष्पक्ष अनुसन्धान होस् । दोषीहरु कानुनी कठघरामा पुगुन् र क्षतिपूर्तिको व्यवस्था गरियोस् भन्ने सरकारको ध्यानाकर्षण समेत गर्दछौं ।

## १५औं महाधिवेशनको तयारी

१४औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्य समितिको निर्णयले १५औं महाधिवेशनको आयोजना गर्नेछौं भन्ने हामी दृढ प्रतिवद्धता व्यक्त गर्दछौं । यसका लाीग देशभित्रका र विदेशस्थित जनसर्म्पक समितिका सवै साथीहरुलाई सक्रिय रुपमा सजग र तयार रहन आग्रह गर्दछौं । पार्टी सभापति शेरबहादुर देउवाकै अध्यक्षतामा १५औं महाधिवेशन सम्पन्न हुनेछ र तदनुसार निर्वाचित कार्यसमितिलाई पद हस्तान्तरण हुनेछ भनी सबैलाई विश्वास दिलाउन चाहन्छौं ।

## नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण

नेतृत्व हस्तान्तरण पार्टीको विधान, प्रचलित मान्यता र विधिसम्मत ढंगबाट हुनुपर्छ । त्यसकारण स्वचालित र स्वभाविक प्रकृयाबाट पार्टी र देशको नेतृत्व हस्तान्तरण गर्नु हाम्रो उद्देश्य एवम् प्रतिवद्धता रहेको छ । त्यसका लागि नयाँ पुस्तालाई वैचारिक प्रष्टता र समर्पण भावले तयार रहन हामी आग्रह गर्दछौं ।

समग्रमा यो राष्ट्रिय भेला पार्टीभित्र वृहत एकताका पक्षमा केन्द्रित छ । यसवेला पार्टीलाई एक वनाउन, नेपाली कांग्रेसको संघर्ष, त्याग, तपस्या, बलिदान र योगदानको इतिहासले निर्दिष्ट गरेको गन्तव्यलाई अन्यथा हुन

नदिन, यसले लिएका सिद्धान्तहरुमा क्षति नपुर्‍याउन, देशभित्र समस्त नागरिकको भरपर्दो पार्टीका रुपमा पुनर्स्थापित गराउन यो राष्ट्रिय भेला संकल्प गर्दछ । त्यस्तै, सबै अन्तर्राष्ट्रिय जगतलाई पनि हाम्रो पार्टी भरपर्दो र विश्वसनीय मित्रशक्तिको रुपमा प्रस्तुत हुने प्रतिवद्धता व्यक्त गर्दछ ।

असहज परिस्थितिमा आयोजित यस भेलामा प्रमुख अतिथिको रुपमा सहभागी हुनु भएका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाप्रति यो भेला हार्दिक आभार व्यक्त गर्दछ । साथै, उहाँ र उहाँकी धर्मपत्नी केन्द्रीय सदस्य डा. आरजु देउवाको सुस्वास्थ्यको कामनासमेत गर्दछ ।

जय नेपाल ।



३० साउन, २०८३

मिराकल पार्टी भेन्यु,

सुकेधारा काठमाडौं